बाग्लुङ जिल्लाको बुर्तिवाङमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# व्यवसायिक बाख्रापालन तालिम सम्पन्न




काठमाडौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले शाखा कार्यालय बुर्तिबाङमा संस्थाका आफ्ना ३० जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ फागुन १८ गतेदेखि २० गतेसम्म बागलुङ जिल्लाको बुर्तिबाङमा **"व्यवसायिक बाख्रापालन तालिम"** सम्पन्न भएको छ । यस कार्यक्रम मिति २०७६।११।१८ गते विहान बुर्तिबाङमा रहेको ढोरपाटन भ्यालिटप होटल एण्ड लजको सभाहलमा उदघाटन भएको थियो । यस उदघाटन कार्यक्रमको संञ्चालन यसै शाखाकी कर्मचारी श्री सुशिला वि.क. सुनारले गर्नु भएको थियो ।

तालिम उदघाटन पहिलो सत्रमा सभापति यस निर्धन उत्थान लघुवित्त वित्तिय संस्थाको घ्वाङ म.स.की समुह सदस्य श्री हिम कुमारी थापालाई चयन गरिएको थियो । उहांले यस संस्थाले समुहामा आबद्द उपस्थित सबै सदस्यहरुलाई ३ दिने व्यवसायिक बाख्रापालन तालिम दिई आधुनिक प्रविधीबाट बाख्रा पालि स्व सक्षम बनाउने उद्देस्य राखि तालिम संञ्चालन गरेकोमा यस संस्थाले अझ राम्रो कामको थालनी गरेको भनि धन्यवाद दिनुभएको थियो । यसका साथै आगामि दिनहरुमा पनि यस्ता कार्यक्रम राखि धेरै भन्दा धेरै सदस्य दिदि बहिनीहरुलाई तालिम दिन आग्रह गर्नुभएको थियो ।

प्रमुख अतिथि यस ढोरपाटन नगरपालिकाकी नगर उप–प्रमुख श्री करमती पुन यस कार्यक्रममा सहभागी भई पानसमा बत्तिबाली कार्यक्रमको उदघाटन गर्नुभएको थियो । उदघाटन पस्चात उहांले आफ्नो मन्तव्य दिने क्रममा आफुलाई यस कार्यक्रममा उपस्थित भई आफ्नो विचार राख्न पाएकोमा आयोजक संस्थालाई

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

धन्यवाद दिदै आफ्ना विचारहरु राख्नुभएको थियो । यस क्रममा उपस्थित सबै सहभागी सदस्यहरुलाई राम्रोसँग यस बाख्रापालन तालिम लिई तालिमको पूर्ण सदुपयोग गर्न आग्रह गर्नुभएको थियो । यसै क्रममा विगत बर्षमा नगरपालिकाले सत्र लाख खर्चगरी सेनेटरी प्याड बनाउने तालिम दिएको तर हाल १० प्रतिशत मात्र तालिममा सहभागी सदस्यले उत्पादन गरेका र अन्य बाहिरबाट खरिद गर्न परेको भनि सदस्यहरुलाई सचेत गराउनुभएको थियो । यसै क्रममा यस स्थानमा धेरै लघुवित्त संस्थाहरु रहेकाले राम्रोसँग बुझेर मात्र संस्थाहरुमा आबद्द हुन आग्रह गर्नुभएको थियो । यसका साथै निर्धन उत्थान लघुवित्तले कर्जा, बचत, विमा, सामाजिक उत्तरदायित्व साथै कर्जाको सहि सदुपयोग गर्नका लागि तालिम सञ्चालन गरेकोमा यस संस्थालाई धन्यवाद दिनुभएको थियो ।

स्वागत मन्तव्यका क्रममा यस शाखाका शाखा प्रमुख श्री प्रेम प्रसाद शर्मा चापागाईले ढोरपाटन नगरपालिकाकी नगर उपप्रमुख तथा यस कार्यक्रमको प्रमुख अतिथि श्री करमती पुन साथै क्षेत्रीय कार्यालयका कार्यक्रम अधिकृत तथा यस कार्यक्रमका विशिष्ट अतिथि श्री दामोदर पाठक ज्यु, अतिथि तथा पशु प्राविधिक श्री कमला घर्तिमगर, खेम राज कडेल, महेन्द्र पन्थी, बुर्तिबाङ एफ् एम् का पत्रकार श्री जित क्षेत्री साथै विभिन्न स्थानबाट व्यवसायिक बाख्रापालन संम्बन्धी विविध विषयमा जानकारी लिई आफ्ना बाख्रापालन व्यवसायलाई आधुनिक प्रविधीबाट विस्तार गर्दै स्वरोजगार भई स्व–सक्षम हुने महान लक्ष्यका साथ उपस्थित सम्पूर्ण आदरणिय दिदी बैनी तथा दाजू भाईहरुलाई हार्दिक स्वागत गर्दै यस तालिममा सिकेका बिषयहरुलाई पुर्णरुपमा पालना गरी आफ्नो आए आर्जन बढाउन लाग्नुहुन अनुरोध गर्नुभएको थियो । यसका साथै बाखा पालन व्यवसायलाई विस्तार गर्नका लागि आवस्यक पर्ने कर्जाको व्यवस्था यस निर्धन उत्थान लघुवित्तले उपलब्ध गराउने विषयमा पनि जानकारी गराउनुभएको थियो । एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको यस शाखाका शाखा प्रमुखबाट जानकारी गराईएको थियो ।

निर्धन उत्थान लघुवित्त वित्तिय सस्था लिमिटेड क्षेत्रिय कार्यालय पोखराका कार्यक्रम अधिकृत तथा यस कार्यक्रमका विसिष्ठ अतिथि  श्री दामोदर पाठक रहनु भएको थियो । उहाँले उपस्थित सबैलाई स्वागत गर्दै सीपमूलक तालिम साथै स्वःपरियोजना संञ्चालनका लागि कर्जा दिई स्वरोजगार बनाउनमा यस सस्थाले पहल गरिरहेको जानकारी गराउदै  यस सस्थाले दिएको तालिममा सहभागि सबै सदस्यहरुले बाख्रापालन व्यवसाय गरी आयआर्जन गर्दै सफलता तर्फ अगाडी बढेमा आगामी दिनमा पनि विभिन्न किसिमका सीपमूलक तालिम संञ्चालन गरी स्वरोजगार बनाउने भाव व्याक्त गर्नु भएको थियो । यस अवसरमा संस्थाको विगत र बर्तमानको अवस्था तथा तालिमको महत्तो र उद्देश्य बारे प्रकास पार्नुभएको थियो । सस्थाले दिने विभिन्न कर्जा, बचत, विमा, रेमिटान्स साथै कर्जा बचतका प्रकार, यसको व्याजदरबारे जानकारी गराउनुका साथै सामाजिक उत्तरदायित्व अर्न्तगत सुत्केरीको लागि पोषण, विभिन्न दैवि प्रकोप बाट हुने क्षेतिको आधारमा सहयोग रकम, विभिन्न ठुला रोगहरु लागेमा औषधि उपचारको लागि सहयोग रकम, दलित, एकल महिला, द्धन्द पिडित, बृद्द, जस्ता सदस्यहरुलाई व्याजमा १ प्रतिशत छुट दिने जस्ता विषयमा जानकारी गराउनुभएको थियो । यसका साथै प्रत्येक बर्ष १ जना छात्र र १ जना छात्रालाई रु. ६०००/ का दरले छात्रबृत्ति रकम उपलब्ध गराउने विषयमा पनि जानकारी गराउनुभएको थियो ।

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

बाख्रापालन ब्यवसाय एक परिचय, स्थानीय र उन्नत बाख्रामा भिन्नता, बाख्रापालनको महत्व, आवश्यकता र वर्तमान स्थिति तथा नेपालमा पालिने स्थानीय तथा उन्नत नश्लका बाख्राहरुको जातीय परिचय, बाख्रापालन विधि, उमेर अनुसार पाठापाठी, बाख्रा बोकालाई भूँईको आवश्यकता तथा खोर निर्माण गर्न स्थानको छनौट, स्थानीय श्रोत साधन प्रयोग गरी उन्नतखोर निर्माण गर्ने तरिका र खोरमा हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोतरको महत्व एवम् सोतरको लागि प्रयोग गरिने वस्तुहरु, उमेर अनुसार बाख्रालाई आहारको आवश्यकता तथा आहाराका श्रोतहरु (भूँई घाँस, डाले घाँस, चरन क्षेत्र बारे जानकारीको साथै सन्तुलित दाना बनाउने विधि र स्थानीय श्रोत साधनको प्रयोग गरी सन्तुलित दाना बनाउने तरिका, प्रजननको लागि बाख्रा तथा बोकाको छनौट गर्ने तरिका, प्रजनन गराउने उमेर, स्वजातीय तथा प्रजातीय प्रजननबाट हुने फाईदा बेफाईदा बारे जानकारी, थारा, ब्याउने बाख्रा, पाठा र पाठी र ब्याएको माउको हेरचाह, खोर, दानापानी दिने भाँडाहरुको सरसफाईको साथै खसी पार्ने उमेर र तरिकाहरु बारे आवश्यक जानकारी, रोग तथा निरोगी बाख्राको पहिचान, रोग लाग्नाका कारण तथा बाख्रामा लाग्ने पिपिआर रोग, टिम्पेनी, छेरौटी रोग, बाखाको छ मासे रोग, खोरेत रोग, रेविज रोगको लक्षण, उपचार तथा रोकथामका उपायबारे जानकारी, बाख्रामा हुने आन्तरीक र वाह्य परिजिविहरुको नियन्त्रण साथै खोप कार्यक्रम बारे जानकारी, स्थानीय बाख्रापालनको महत्व, कमी, कमजोरी, संरक्षण तथा विकास, बजार ब्यवस्थापन, बाख्रापालनको स्किम आदिका बारेमा तालिममा जानकारी गराइएको थियो ।

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 